**अनुसूची २**

(दफा ४ तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

के आइ सिंह गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः... **२** संख्याः**०४**मितिः**२०७७/०७/१८**

**भाग-२**

**के आइ सिंहगाउपालिका**

नेपालको संविधान तथा स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कानुन यस के.आई.सिंह गाउँपालिकाको राजपत्रमा प्रकाशन गरिएको छ ।

## के.आई. सिंह गाउँपालिकाको सुशासनप्रर्बधन परियोजना संचालनकार्यविधि, २०७७

**प्रस्तावना :**

स्थानीयतह र नागरिकहरुप्रतिजवाफदेहिताको प्रत्याभुति गराई जनतालाई देश विकासको प्रक्रियामा रचनात्मकप्रतिनिधित्व गराउनपारदर्शिताको माध्यमद्धारा स्थानीयतहको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन सुशासनप्रर्बधन परियोजना संचालनगर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७८ को उपदफा (५)

बमोजिमगाउँपालिकाको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी के आई सिंह गाउँकार्यपालिकाले "के आई सिंह गाउँपालिकाको सुशासनप्रबर्धन परियोजना संचालनकार्यविधि, २०७७तर्जुमा गरेको छ ।

## परिच्छेद–१

## उद्देश्य,संक्षिप्तनाम र परिभाषा

**१. उद्देश्य** : गाउपालिकाबाट प्रदानगरिने सेवामाबिभिन्न सामाजिकजवाफदेहिताकाऔजारहरुको प्रयोग, त्यसबारे जनता, जनप्रतिनिधी र कर्मचारीहरुको क्षमताअभिबृद्धि गराउन संचलनहुने बिभिन्नगतिबिधीतथाक्रियाकलापहरु एकिकृत गरी सुशासनमैत्री स्थानियतहबनाउनगाउँपालिकाको परियोजनाका रुपमा संचालनगर्ने यस कार्यविधिको उद्देश्य रहेको छ ।

**२. संक्षिप्तनाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम 'के आई सिंह सुशासनप्रबर्धन परियोजना संचालनकार्यविधि, २०७७' रहेको छ ।

(२) यो कार्यविधिगाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ.।

**३. परिभाषा** :बिषयमावा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :

क) 'ऐन'भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) 'गाउँपालिका' के आई सिंह गाउँपालिकालाई सम्झनु पर्छ ।

ग) 'गाउँकार्यपालिका'भन्नाले के आई सिंह गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

घ) 'सभा'भन्नाले नेपालको संबिधानको धारा २२३ बमोजिम गठित के.आई. सिंह गाउँसभालाई सम्झनु पर्छ ।

ङ) "प्रमुख"भन्नाले के.आई. सिंह गाउँपालिकाको प्रमुख सम्झनु पर्छ ।

च) "विषयगत ईकाई" भन्नाले गाउँपालिकाभित्र रहेकाबिभिन्नबिषयसंग सम्वन्धित ईकाईहरु सम्झनु पर्छ ।

छ) "विकास साझेदार" भन्नाले नेपाल सरकारको शर्तहरु पुरा गरी गाउँपालिकासँगभएको सम्झौताबमोजिमनगद, जिन्सीएवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीयएवं बहुपक्षीय साझेदार निकायहरु, संयुक्त राष्ट्रसंघीय निकायहरू तथा राष्ट्रिय/अन्तराष्ट्रिय तथा स्थानिय गैर सरकारी संस्थाआदि सम्झनुपर्छ ।

ज) "उपभोक्ता समिति"भन्नाले आयोजनाबाट प्रत्यक्षलाभपाउने व्यक्तिहरूको समूहले कुनै आयोजनानिर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागिआफूहरू मध्येबाट

निश्चितप्रक्रियाबमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउछ ।

झ) “गैर सरकारी संस्था”भन्नाले यस कार्यविधिको प्रयोजनको लागिप्रचलितकानूनबमोजिम स्थापनाभएका र गाउँपालिकाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकासँग समन्वय राखीकार्य सञ्चालनगर्ने गैर नाफामूलक संस्था सम्झनुपर्छ ।

ट) “सामुदायिक संस्था”भन्नाले जनचेतना सम्बन्धीतालिम, अभिमुखीकरण, सीपविकास, बचत, कर्जा परिचालन, समावेशीविकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चितप्रक्रियाअवलम्बन गरी प्रचलितकानूनबमोजिम स्थापनाभएका संस्था सम्झनुपर्छ ।

ठ) “योजना”भन्नाले गाउँपालिकाको समग्र विकास निर्माण सम्बन्धीतयार पारिएको आवधिक योजना, वार्षिक योजना, क्षेत्रगत योजना र यस्तै प्रकारकाअन्य योजनालाई सम्झनुपर्छ ।

ड) “कार्यक्रम”भन्नाले निश्चित उद्देश्यप्राप्तीकालागितयार गरिएको क्षेत्रगतवावहुक्षेत्रगतकार्यक्रम सम्झनुपर्छ ।

ढ) “परियोजना”भन्नाले कुनै भौगोलिक क्षेत्र वाकार्यक्षेत्रमानिश्चितअवधि र लगानी रकमतोकीनिर्धारित उद्देश्यप्राप्तीकालागितयार गरिएको परियोजना सम्झनुपर्छ ।

ण) “अनुदान”भन्नाले नेपाल सरकार र प्रदेश सरकार तथाबिभिन्नदातृ संस्था, व्यक्तिबाट गाउँपालिकालाई प्राप्तहुने निशर्त तथा सशर्त अनुदान, विभिन्नकार्यक्रम, कोष र साझेदार निकायबाट उपलब्धहुने वित्तीय, प्राविधिकएवं वस्तुगत सहयोगसमेत सम्झनुपर्छ ।

त) “सामाजिकजिम्मेवारी”भन्नाले गाउँपालिकाले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधिअनुसार समावेशी र समतामुलकविकासकालागिउपयुक्तनीति, योजना, कार्यक्रमतर्जुमा र कार्यान्वयनगर्ने साथै लक्षित समुहलाई ध्यानदिई सेवाप्रवाहगर्ने दायित्वलाई सम्झनुपर्छ ।

थ) “लक्षित समूह”भन्नाले आर्थिक रूपमाविपन्नवर्गकामहिलाएवं बालबालिकातथाआर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिकाविपन्नवर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, भिन्नक्षमताभएकाव्यक्तिहरू, मधेसी, मुश्लिमतथा पिछडावर्ग) एवं नेपाल सरकारले लक्षित समूहभनीतोकेकावर्ग एवं समुदाय सम्झनुपर्छ ।

द) “उपभोक्ता समिति”भन्नाले आयोजनाबाट प्रत्यक्षलाभपाउने व्यक्तिहरुको समूहले कुनै आयोजनानिर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागिआफूहरु मध्येबाट निश्चितप्रक्रियाबमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउछ ।

## परिच्छेद-२

## सुशासन परियोजनाअर्न्तगतगरिने क्रियाकलापहरुको व्यवस्था

४. (१)गाउँपालिकाले यस परियोजनाअर्न्तगततपसिलबमोजीमकाक्रियाकलापहरु हुनेछन्-

क) के.आई.सिंह गाउपालिकाको सुशासननितीभित्र समेटिएका सामाजिकजवाफदेहिताकाऔजारहरु ( सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, बजेट बिश्लेषण, खर्चको सोधखोज तथापुष्टयाइ, सामुदायिकअंकपत्र, सुचनाको हकलगायत) को प्रयोग गर्ने, सहजीकरण गर्ने तथातीऔजारहरुबारे सचेतीकरण र अभिमुखिकरणका क्रियाकलाप ।

ख) कार्यक्रम सन्चालनगर्दा सामाजिकजवाफदेहिता(सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, बजेट बिश्लेषण, खर्चको सोधखोज तथापुष्टयाइ, सामुदायिकअंकपत्र, सुचनाको हक) सम्बन्धी र संस्थागतसुधार तथा क्षमता विकास कार्यक्रम गरि २ प्याकेजमा कार्यक्रम सन्चालन गर्न सकिनेछ ।

(२) गाउपालिकाकाबिभिन्नबार्षिक, अर्धबार्षिक समिक्षाकार्यक्रम, उपभोक्ता समितिहरुको क्षमताअभिबृद्धि, अभिमुखिकरण तथातालिमहरु ।

(३) लक्षित बर्गहरुको क्षमताअभिबृद्धि, सशक्तिकरण तथाआयआर्जन संग सम्बन्धीतक्रियाकलापहरु ।

४) कर्मचारी तथाजनप्रतिनिधीहरुको क्षमताअभिबृद्धि, सशक्तिकरणका क्रियाकलापहरु ।

५) गाउँपालिकाबाट प्रदानगर्नुपर्ने बिभिन्न सेवातथा परामर्श सम्बन्धीकार्यहरु ।

६) गाउँपालिकाको मुखपत्र, ब्रोसर,पहिचानझल्कने प्रचारप्रारका सामाग्रीप्रकाशनतथा प्रसारण ।

## परिच्छेद–३

## परियोजना संचालन सम्बन्धीब्यवस्था

७.(१) **सहजीकरणको जिम्मेवारी** : गाउँपालिकाले परियोजना छुट्टै परियोजनाशाखा स्थापना गरेर वा गैरसरकारी संस्थामार्फत संचालनगर्नु पर्ने छ । यस बाहेक कुनै दातृ संस्था, नियोग वा अन्यत्रबाट आर्थिक तथाप्राबिधीक सहयोग हुनगएमा परियोजनामा साझेदारी गरी दुबैको सहमतीअनुसार संचालनगर्न सकिनेछ ।

(२) **संचालनअवधी** :कम्तीमा एक बर्ष देखि बढीमा पाँचबर्षकालागि परियोजनाको समयावअधी रहने छ । त्यसपश्चातआवश्यकताअनुसार परियोजनाको समयाअवधीतोक्न सकिनेछ ।

३) **बजेटको ब्यवस्था** :गाउँपालिकाले परियोजनाकालागि बजेटको ब्यवस्थागर्नेछ । वाकुनै दातृ संस्था, नियोग वा परोपकारी उदेश्यबोकेकाब्यक्ति संस्थासंगको सहयोगबाट प्राप्त बजेट समेत परियोजनामाखर्च गरिनेछ ।

४) **भुक्तानीप्रकृया** :प्रस्तावनाकाआधारमा छनोट भएको संस्थाले सो आर्थिक बर्षमा कृयाकलापहरु संचालनगर्न चौमासिकरुपमा बजेट प्राप्तगर्नेछ । बजेट प्राप्त गरेको चौमासिकको अन्तमाप्राप्त बजेटको

फर्च्यौट गरेपछि मात्रअर्को चौमासिककालागि बजेट निकासापाउनेछ । बजेट फर्छ्यौट गर्दा कृयाकलाप सम्पन्नभएको प्रतिबेदन, बिलभपाईकाप्रतिलिपीगाउँपालिकालाई बुझाउनु पर्नेछ । आर्थिक बर्षको अन्तमाबार्षिक प्रतिबेदन सहितकारोबार भएको आर्थिक बर्षको सम्पूर्ण भुक्तानी समयमै गरिसक्नुपर्नेछ ।

**परिच्छेद–४**

**संस्था छनोटको ब्यवस्था**

८. १. **संस्था छनोट :** परियोजना संचालनकालागि सहजीकरण गर्न गाउपालिकाले प्रचलीत ऐन नियमको अधिनमा रही गैर लाभकारी संस्थाहरुमध्येबाट प्रस्तावनाकाआधारमाउत्कृष्टलाई परियोजनाअवधीभरकालागि छनोट गर्नेछ । यसरी छनोट भएको संस्थाले कार्यसम्पन्नप्रगतिप्रतिबेदनकार्यसम्पादनमुल्यांकनकाआधारमाप्रत्यकआर्थिक बर्षकार्ययोजना सहितआएमाम्यादथपगर्नुपर्नेछ ।

२. **संस्थाको प्राथमीकरण :** संस्था छनोटका लागि गैरसरकारी संस्थाहरु मध्ये प्रचलीतकानुन बमोजिम दर्ता भइ के.आई.सिंह गाउँपालिकामुख्यकार्यक्षेत्र रहि स्थापनाभएको संस्थालाई छनोटका लागिपहिलो र त्यसपछि डोटी जिल्ला कार्यक्षेत्र भएको गैर सरकारी संस्थालाइ दोश्रो प्राथमिकतादिइनेछ ।

आज्ञाले,

धर्मराज उपाध्याय

प्रमुखप्रशासकीयअधिकृत